# मिल्किङ्ग मेशिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)

मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, बिराटनगर

# मिल्किङ्ग मेशिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

**(प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था, तथा कृषि सहकारी मन्त्री स्तर) मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत**

प्रस्तावना :

नेपालमा व्यावसायिक पशुपालन क्रमशः फस्टाउँदै गरेको अवस्थामा दूध उत्पादन तथा उत्पादकत्वमा समेत क्रमिक वृद्धि हुदैं गएको छ ।यसै गरी उपभोक्ताको आयस्तरमा वृद्धि तथा खाने बानीमा सकारात्मक परिवर्तन संगसंगै दूध तथा दुग्ध पदार्थ उपभोगको अवस्थामा पनि दिनानुदिन वृद्धि हुदै गएको पाइन्छ । सहकारी संस्थाहरु, नीजी तथा साझेदारी फार्म, व्यावसायिक गाईभैंसीपालक कृषकहरु र विभिन्न अन्य श्रोतहरु मार्फत दैनिक ठूलो परिमाणमा दूध संकलन गर्दा दुग्ध विकास संस्थान लगायत विभिन्न नीजी डेरी उद्योग, साना तथा मझौला डेरी उद्योग तथा सहकारीहरु मार्फत दूध तथा दुग्ध पदार्थकोउत्पादन, सङ्कलन, प्रशोधन तथा विविधिकरण गरी मूल्य श्रृखलामा आधारित वितरण प्रणाली क्रमिक रुपमा स्थापित हुँदै गएको पाइन्छ । यस सन्दर्भमा औपचारीक माध्यमबाट सङ्कलन हुने उल्लेखनिय परिमाणको दूधको गुणस्तरका सम्बन्धमा समय समयमा नकारात्मक टिकाटिप्पणी हुने गरेको विदितै छ । दूधको गुणस्तर कायम गर्न हाल चलनमा रहेको हातले दुहुने कार्यबाट आशातित गुणस्तर कायम राख्ने कार्य असम्भव प्राय भएको सन्दर्भमा थोरै समय लगाएर दूधालु पशुहरुलाई मिल्कीङ्ग मेसिनबाट दूध दुहुने कार्यको थालनी गर्न सके स्वच्छ तथा सफा दूध उत्पादनमा उल्लेखनीय सफलता प्राप्त हुने, समयको बचत हुने, पशुहरुको क्षमता अनुसारको पुरै दूध दुहिने तथा थोरै जनशक्तिबाट पनि धेरै पशुहरुको व्यवस्थापन गर्न सकिने जस्ता कारणहरुले गर्दा दूधको उत्पादन लागतमा समेत कमी ल्याउन सकिने सम्भावना हुन्छ । यसका साथै मिल्कीङ्ग मेसिन उपयोग गर्नाले फार्ममा असल व्यवस्थापन अभ्यास (Good Management Practice) संगसंगै जैविक सुरक्षा (Biosecurity) प्रविधिको अवलम्बन गर्ने वातावरणको निर्माणमा समेत सहयोग पुग्ने देखिन्छ । यस विषयलाई सम्बोधन गर्न प्रारम्भिक रुपमा स्वच्छ तथा सफा दूध उत्पादनका लागि व्यवसायिक दूध उत्पादक कृषकहरु र दूध सङ्कलन तथा वितरण प्रणाली नै मुख्य रुपमा जिम्मेवार रहेको पाइन्छ । यिनै कारणहरुबाट समग्र रुपमा दूध तथा दुग्धजन्य पदार्थहरुलाई दूधको उत्पादन तथा सङ्कलन देखि लिएर उपभोक्ता समक्ष पुऱ्याउने समय सम्म दूध तथा दूग्ध पदार्थको गुणस्तर व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ ।

यसका लागि दूध उत्पादन स्थलमै आवश्यक सरसफाई तथा हाल चलनमा रहेको हातले दूध दुहुने कार्यलाई निश्चित संख्यामा दूधालु गाईभैंसी पालन गर्ने कृषकहरुलाई यान्त्रीकरणको माध्यमबाट स्वच्छ तथा सफा दूध उत्पादन गर्न सरकारीस्तरबाटै प्रोत्साहित गर्न नितान्त जरुरी भएकोले यस

कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिल्किङ्ग मेशिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिकाको नाम "मिल्किङ्ग मेशिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" हुनेछ।

ख) यो कार्यविधि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ ।

(घ) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(ङ) "साझेदार" भन्नाले लागत सहभागितामा मिटमार्ट स्थापना कार्यक्रम संचालन गर्न ईच्छुक दुग्ध व्यवसायीक संघ/संस्था, सहकारी संघ/संस्था, फर्म, कम्पनी तथा निजी उद्यमी/व्यवसायी समेतलाई जनाउँदछ ।

(च) "साझेदारी" भन्नाले कार्यक्रम संचालनका लागि अख्तियार प्राप्त कार्यालय र साझेदारका बिच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

(छ) "अनुदानग्राही "भन्नाले कार्यक्रम कार्यान्वयनका सन्दर्भमा अनुदान प्राप्तिका लागि छनौट भै द्विपक्षिय/बहुपक्षिय सम्झौता भएका साझेदार भन्ने बुझ्नु पर्दछ ।

(ज) "द्विपक्षिय/बहुपक्षियसम्झौता" भन्नाले सम्बन्धित कार्यालय र साझेदारका बिच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(झ) "कार्यक्रम" भन्नाले कार्यविधिको अधिनमा रही मिल्किङ्ग मेशिन अनुदानमा वितरण कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ञ) "प्रस्तावक" भन्नाले अनुदान कार्यक्रममा भाग लिने उद्देश्यले प्रस्ताव पेश गर्ने सहकारी संस्था, फर्म, कम्पनी तथा निजी उद्यमी/व्यवसायी समेतलाई जनाउँदछ ।

(ट) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना मुताविक प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवस्यक कागजातहरुलाई समेत जनाउँदछ ।

(ठ) "अनुदान" भन्नाले प्रदेश सरकारको विनियोजित बजेटको परिधिभित्र रही २० वटा भन्दा बढी दूधालु गाईभैसी भएको निजी कृषक, फार्म, सहकारी, कम्पनी/उद्यमी आदिले तोकिएको मापदण्ड तथा शर्तहरु पुरा गरी खरिद गरेको मिल्कीङ्ग मेशिनमा परल मूल्यमा दिइने बढीमा ७५ प्रतिशत नगद अनुदान रकमलाई सम्झनु पर्छ ।

## ३. उद्देश्यः

यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) व्यावसायिक गाईभैंसीपालक कृषक/फार्महरुमा यान्त्रीकरणको प्रयोगबाट स्वच्छ तथा सफा दूध उत्पादन गर्ने कार्यको थालनी गर्ने ।

(ख) व्यावसायिक गाईभैंसीपालक कृषक/फार्महरुमा न्यूनतम जनशक्तिको मात्र प्रयोग गरी दूधको उत्पादन लागत कम गर्न मद्दत पुऱ्याउने ।

(ग) व्यावसायिक पशुपालनमा "असल व्यवस्थापन अभ्यास" (Good Management Practice) लाई प्रोत्साहन दिंदै जैबिक सुरक्षा (Bio-security) को प्रबिधिलाई अबलम्बन गर्ने आवश्यक वातावरण सिर्जना गर्ने ।

(घ) पशुवस्तुको दूध उत्पादनको क्षमता अनुसार पशुबाट उत्पादन हुने पूर्ण दूध प्राप्त (Complete Milking) गर्ने ।

(ङ) दूध, दूध दुहुने प्रणाली, आवश्यक सरसफाई आदिका माध्यमबाट थुनेलो लगायतका पशुवस्तु तथा मानिसमा लाग्ने/सर्ने रोगहरुलाई न्यूनीकरण गर्न मद्दत गर्ने ।

## ४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु)

(क) सहकारी संस्था (ख) फर्म तथा कम्पनी (ग) निजी उद्यमी/व्यवसायी

## ५. अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु

यस कार्यक्रम अन्तरगत प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछः

(क) मिल्किङ्ग मेशिन खरिद, ढुवानी र जडान सम्बन्धि ।

## ६. कार्यक्रम संचालन हुने जिल्लाहरु

प्रदेश नं.१ अन्तरगतका सबै जिल्लाहरु ।

## ७. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व

(क) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(ख) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र इमान्दारिता र पारदर्शिता कायम राखि उच्च गुणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(ख) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(ग) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

## ८. कार्यक्रम कार्यान्वयन प्रकृया

बमोजिम यो कार्यक्रम देहाय सन्चालन गरिनेछः

(क) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची–१ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(ख) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले अनुसूची–१० बमोजिमको आवश्यक कागजातहरु सहित तोकिएको निकाय र समयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(घ) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| १. सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत | संयोजक |
| २. तालुक निकायको अधिकृत प्रतिनिधि | सदस्य |
| ३. सम्बन्धित कार्यालयको प्राविधिक | सदस्य |
| ४. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य-सचिव |

*नोटः समितिले आवश्यक्ता मुताविक बढिमा २ जना सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्नसक्नेछ।*

(ङ) रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौटका लागि अनुसूची–१० बमोजिम माग गरेका आवश्यक कागजातहरु भए नभएको सूची पेश गर्नका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले सम्बन्धित कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

(च) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गर्न सक्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(छ) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राथमिकिकरण गरी स्वीकृतिका लागिसम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

**९. सम्झौता**

(क) स्विकृत प्रस्तावका आवेदकलाई सम्बन्धीत कार्यालयले अनुसूची–९ बमोजिम सम्झौताका लागि ३० दिनको सार्वजनिक सूचना जारी गर्नेछ । तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकलाई १५ दिनको म्याद दिई द्विपक्षिय सम्झौताको लागि बोलाइनेछ ।

(ख) द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

**१०. अनुदान प्रवाहका शर्तहरु**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, फर्म, कम्पनी, नीजि उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण तथा अधुरो अन्य कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) कम्तिमा २० वटा उन्नत गाईभैंसीहरु पालेको हुनु पर्नेछ । दूधालु गाईभैंसीहरुको संख्या यकिन गर्दा दुहुना एवं ब्याउने पशुहरुको समेत गणना गर्न सकिनेछ ।

(ङ) पशुहरुको बीमा गरेको हुनु पर्नेछ ।

(च) "असल व्यवस्थापन अभ्यास" (Good Management Practice) सम्बन्धित साझेदारले गर्न मन्जुर हुनु पर्नेछ ।

(छ) लिजको घर जग्गामा भएमा जग्गाधनि संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ज) मिल्किङ्ग मेशिन वितरण स्थानमा सडक, विद्युत र थ्री फेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(झ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ञ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ट) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ठ) मिल्कीङ्ग मेसिन जडान गर्ने फार्ममा पूर्वाधारको व्यवस्था भएको हुनुपर्नेछ ।

(ड) फार्ममा पालिएको जनावरहरुको बोडी कन्डीशन स्कोर (Body Condition Score, BCS) ३ वा सो भन्दा बढी भएको हुनुपर्नेछ ।

(ढ) फार्मका दुहुना गाईभैंसीहरुमा नियमित तथा अनिवार्य रुपमा टिट डिपिङ्ग गरेको हुनुपर्नेछ ।

(ण) खरिद गर्न चाहेको मिल्कीङ्ग मेशिनको गुणस्तर तथा परिमाण सम्बन्धि ब्रोसर वा डकुमेन्ट सम्झौताको समयमा पेश गर्नु पर्नेछ ।

(त) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

## ११. अनुगमन र मूल्याङ्कन

(क) सान्दर्भिकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित कार्यालय वा मातहतका प्राविधिकबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(ख) कार्य प्रगतिको अवस्था तथा कार्यविधिर सम्झौता मुताविकका शर्तहरुको पालन भए/ नभएको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(घ) अनुदान रकम र सहयोगी निकाय आदि विवरण सहित मेशिनमा लेखेको हुनु पर्नेछ ।

## १२. भुक्तानी प्रकिया :

(क) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा भुक्तानी दिनेछ ।

(ख) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रही कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ साथै कार्यक्रम ७५:२५ को लागत साझेदारीमा सन्चालन हुनेछ । अर्थातः सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम

सन्चालन लागतको ७५ प्रतिशत बराबर मानी बाँकी २५ प्रतिशत रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

(ग) अनुदान रकम साझेदारको बैंक खातामा भुक्तानी दिईने छ ।

(घ) भुक्तानी गरिने रकमबाट २(दुई) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ ।

(ङ) साझेदारले व्यहोर्ने घटिमा २५% साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुनेछैन ।

(च) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

**१३. आर्थिक प्रशासन सेवा**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३, तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ।

**१४. कार्वाहीको व्यवस्था**

सम्झौता बमोजिम अनुदान रकमको सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिमल कार्वाही हुनेछ।

**१५. प्रचलित कानून लागु हुने**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१६. बिमा :** सम्भाव्यताको आधारमा योजनाको बिमा गराउनु पर्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)**

(क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ग) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

अनुसूची–१

# मिल्किङ्ग मेशिन वितरण कार्यक्रम सम्बन्धि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/…/….

प्रदेश सरकार …………. मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको आ.व. २०७५/…. को स्वीकृत वार्षिक कार्यक्रम मुताविक देहायको कार्यक्रम सन्चालनका लागि "सम्बन्धित कार्यक्रम सन्चालन कार्यविधि २०७५" ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र ………….मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेतयसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि …………………….. फोन नं. ………………….. मा सम्पर्क राख्न वा ……………… वेभसाईट बाट " मिल्किङ्ग मेशिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" डाउनलोड गर्न सकिने छ ।

## कार्यक्रम विवरण

| *क्र.सं.* | *कार्यक्रमको नाम* | *संख्या* | *अधिकतम साझेदारी रकम रु.* | *प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु* |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची–२

# आवेदन

श्री ........................

............................

विषय : प्रस्ताव पेश गरिएको बारे ।

तहाँ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रको मिति ....................... को .......................... पत्रिकामा प्रकाशित सूचना मुताविक म निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मितिः

प्रस्तावकको नाम र थरः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगानाः

संलग्न कागजातहरुको सूचीः

| *क.सं.* | *संलग्न कागजातहरुको विवरण* | *संख्या* |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

*नोटः आवस्यक्ता मुताविक टेबलका पङ्तिहरु थपघट गर्न सकिने छ ।*

अनुसूची–३

# मिल्किङ्ग मेशिन वितरण कार्यक्रमको कार्ययोजना

१. आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |
| प्रस्ताव संस्थाको नाम | |
| पत्राचारको लागि ठेगाना | |
| संस्थाको हकमा स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| भ्याट/पान दर्ता नम्बर | |
| टेलिफोन नं. | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको टेलिफोन/मोवाइल नं. | |
| इमेल | |
| प्रस्तावित कार्यक्रम कार्यान्वयन हुने स्थान | |
| दैनिक दूध संकलन (लिटर) | |
| **प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक सुविधाहरु** | |
| सडक छ/छैन | |
| पक्की/कच्ची | |
| नजिकको बजारको नाम र दूरी | |
| विजुली छ/छैन | |
| पानीको व्यवस्था छ/छैन | |
| अन्य पूर्वाधार व्यवस्था | |
| मिल्कीङ्ग मेसिन प्रयोग गरिने पशुहरुको संख्या | .......... गाई .........भैंसी...........जम्मा |
| लगाएको घाँसको नामहरु | |
| घाँस लगाएको क्षेत्रफल क्षेत्रफल (हेक्टर) | |
| प्रस्तावित कार्यक्रमको अनुमानित बजेट रु. | |
| माग गरेको कूल अनुदान बजेट रु. | |
| प्रस्तावकको साझेदारी बजेट रु. | |

२ .प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत विवरण

| क्र.सं. | मुख्यमुख्य कृयाकलाप | अनुमानित लागत रकम रु | माग गरिएको अनुदान रकम रु. | आवेदकको योगदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |
| | मूल्य अविबृद्धि कर १३ प्रतिशत | | | | |
| | कूल जम्मा | | | | |

*नोटः आवेदकको योगदानमा जग्गाको मूल्य र चालुखर्च समावेस गर्न पाइने छैन ।*

अनुसूची–४

# लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/कार्यालय ............... को मिति ........................ को .......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा .................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री .......................................... ले लागत साझेदारीमा ................................................. कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कूल लागत रु. ............ को ......... प्रतिशतले हुन आउने रु. ....................... अक्षरुपी..................... बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

| *बायाँ* | *दायाँ* |
|---|---|
| | |

<u>निवेदकको</u>

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

*अनुसूची–५*

# समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र ............... को मिति ........................ को .......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा .................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................... ले लागत साझेदारीमा ................................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि बिगत ३ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/ निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

| *बायाँ* | *दायाँ* |
|---|---|
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

अनुसूची–६

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केनद्रको सिफारिस पत्र

श्री ...................

...............

विषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र ............... को मिति ........................ मा प्रकाशित सूचना मुताविक ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा .................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री .......................................... ले लागत साझेदारीमा ................................................ कार्यक्रम संचालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवस्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र सोही प्रकृतिको कार्यमा बिगत ३ बर्ष भित्र कुनै अनुदान लिएको देखिन नआएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

मितिः

अनुसूची७–

# स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

सामान्य जानकारी (क)

१ :जिल्ला .

२:आवेदकको नाम .

३स्थायी ठेगाना: .

४:प्रस्तावित कार्यक्रमको नाम .

५:कार्यक्रम संचालन स्थलको ठेगाना .

६ :स्थलगत प्रमाणिकरण मिति .

७पदाधिकारीको विवरण: स्थलगत प्रमाणिकरणमा संलग्न .

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

आवेदकको मूल्याङ्कन (ख)

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| ११. | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १२. | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १३. | भविष्यमा विस्तारका लागि जग्गा उपबध हुनसक्ने संभावना छ/छैन | | |
| १४. | बाढी पहिरोले क्षति नपुग्ने अवस्था छ/छैन | | |
| १५. | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी र विजुलीको सुविधा छ/छैन | | |
| १६. | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |

| क्र.सं. | मूल्याकङ्नका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| २ | *प्राविधिक क्षमता* | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.२ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | *वित्तिय क्षमता* | १५ | |
| ३.१ | आवेदकलागत साझेदारी गर्न सक्ने आर्थिक अवस्थामा छ/छैन | | |
| ३.३ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.४ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | *वातावरणीय उपयुक्तता* | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणम नकारात्मक असर नपुग्ने अवस्था छ/छैन | | |
| ५ | *अन्य पक्षहरु* | २० | |
| ५.१ | संस्थागतछैन/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/ | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | | |
| | **जम्मा** | १०० | |

*नोट अङ्क र ५उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकारात्मक अवस्था भेटीए : गर्न सफल प्रस्तावहरुकोअङ्क प्राप्त ४०अङ्क प्रदान गर्दा कूल ०नकारात्मक अवस्था भेटिए प्राथमिकिकरण गरिने छ । अन्यथा ४० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।*

ठूला मेशिनरी र उपकरणहरुको विवरण ,सवारी साधन ,आवेदकसंग विद्यमान भवन (ग)

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने स्थलगत (घ)

१ .

२.

३.

४.

५

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क्र.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छहुँदैन/ | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची–८

## व्यवसाय योजना मूल्याङ्कनका आधारहरु

| मूल्याङ्कनका आधारहरु | प्राप्त गर्ने अंक | | | |
|---|---|---|---|---|
| | २० | १५ | १० | ५ |
| दुहुना गाईभैसीहरुको संख्या | ५१ भन्दा | ४१ देखि ५० | ३१ देखि ४० | २० देखि ३० |
| दूधको उत्पादन (लि.) परिमाण | ३५१ देखि माथि | २८१–३५० | २११–२८० | १५०–२१० |
| असल व्यवस्थापन अभ्यास | ++++ | +++ | ++ | + |
| जैविक सुरक्षा | ++++ | +++ | ++ | + |
| घाँस खेति लगाएको (हेक्टर) | ५ माथि | ३–४ | २–३ | २ हेक्टर भन्दा कम |
| कूल प्राप्ताङ्क | १०० | ७५ | ५० | २५ |

*नोटः उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

अनुसूची-९

# मिल्किङ्ग मेशिन वितरण कार्यक्रम कार्यान्वयन द्विपक्षिय सम्झौता-पत्र

प्रदेश सरकार, ................ मान्त्रालय/ निर्देशनालय/ विज्ञकेन्द्र ......... को आ.व..................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा मिल्किङ्ग मेशिन वितरण कार्यक्रम संचालन गर्नका लागि मिति ................ गते ................ पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मन्त्रालय/ निर्देशनालय/विज्ञ केन्द्रको मिति ...................... को..........स्तरिय निर्णयबाट श्री ................................को प्रस्ताव छनौट भएको हुँदा .....................................*(यस पछि प्रथम पक्षभनिने)* र श्री .............................*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सन्चालन गर्न मन्जुरभै यो द्विपक्षिय सम्झौता गरिदियौं/लियौं । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

**तपसिल**

१. मिल्किङ्ग मेशिन वितरण कर्यक्रम................जिल्ला.................महा/उपमहा/नगर/गाउँपालिका ............नं. वडाको ................गाउँ/टोलमा मिति ...............सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले मिल्किङ्ग मेशिन वितरण कार्यक्रम संचालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका कृयाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

| *क्र.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत रु* | *प्रथम पक्षले व्यहोर्ने रु.* | *दोश्रो पक्षले व्यहोर्ने रु.* |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |
| अक्षरुपी | | | | |

३. प्रथम पक्षले प्रदान गर्ने अनुदान रकमबाट २ (दुई) प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खातामा भुक्तानी दिने छ ।

४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो लगानीबाट कार्य गरि सम्पन्न भएको कामको आधारमा नियमानुसारको भ्याट/पान विल, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवस्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पाश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरेमा अनुदान रकम भुक्तानी प्रथम पक्षले गर्नेछ ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

७. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

८. दोश्रो पक्षले मिल्किङ्ग मेशिनमा सबैले देख्ने गरी सहयोगी निकायको नाम र अनुदान रकम सबैले देख्ने गरी लेखेको हुनु पर्नेछ ।

९. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिको) कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. अनुदान रकम तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

११. असल पशुपालन अभ्यास अनुशरण अवस्था मापनको मापदण्ड अनुसरण गरेको हुनु पर्नेछ ।

१२. कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१२. दोश्रो पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

*नोट : द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।*

<u>प्रथम पक्षको तर्फबाट</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप :

<u>दोश्रो पक्षको तर्फबाट</u>

हस्ताक्षर :

नाम :

पद :

संस्थाको छाप :

अनुसूची–१०

## प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु

१. रु. ३००।०० को राजश्व तिरेको रसिद ।

२. अनुसूची– २ बमोजिम आवेदन।

३. अनुसूची–३ बमोजिमको ढाँचामा तयार गरिएको व्यवसाय योजना ।

४. अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र ।

५. अनुसूची–५ बमोजिमको स्वघोषणा पत्र ।

६. अनुसूची –६ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी

८. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।

९. प्रचलित कानून बमोजिम अधिकारिक निकायमा व्यवसायीक संस्था/फर्म नविकरण गरेको प्रतिलिपि ।

१०. मूल्य अभिबृद्धि कर **(VAT)** वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाण पत्रको प्रतिलिपी

११. सहकारी संस्था साझेदारीमा संचालन भएको फार्मको हकमा/कार्य समितिको निर्णयको प्रतिलिपी ।

१२. अघिल्लो आ.व. को लेखा परिक्षण र कर चुक्ताको प्रतिलिपि ।

१३. कार्यान्वयन स्थलको फोटो ।

१४. फार्ममा कम्तिमा २० वटा (वीस) दुहुना उन्न गाईभैसी पालन गरेको प्रमाण ।

१५. फार्ममा जैविक सुरक्षा सम्वन्धि नियमहरु र असल व्यवस्थापन अभ्यास अनुसरण गर्ने अनुसूची–११ बमोजिम प्रतिवद्धता पत्र ।

१६. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

अनुसूची–११

# फार्ममा जैविक सुरक्षा सम्बन्धी नियमहरु र असल व्यवस्थापन अभ्यास अनुसरण गर्ने प्रतिबद्धता

श्री...............................मन्त्रालय/निर्देशनालय/कार्यालयको मिति ....................को .............मा प्रकाशित सूचना अनुसार ......................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका......... गाउँ/टोल ठेगाना भएको श्री..................................................................................ले लागत साझेदारीमा....................................................................... कार्यक्रम संचालनका लागि पेश गरेको प्रस्ताव अनुसार मेरो फार्ममा **जैविक सुरक्षा सम्बन्धी नियमहरु र असल व्यवस्थापन अभ्यास अनिवार्य रुपमा अनुसरण गर्ने प्रतिबद्धता** जाहेर गर्दछु ।

| *बायाँ* | *दायाँ* |
|---|---|
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

अनुसूची–१२

# असल पशुपालन अभ्यास अनुशरण अवस्था मापनको मापदण्ड

| क्र.स. | विवरण | विद्यमान अवस्था | | | |
|---|---|---|---|---|---|
| १ | गाईपालन गरिएको ठाउँको वातावरण | | राम्रो | | नराम्रो |
| २ | गाईपालन गरिएको गोठको सरसफाई | | राम्रो | | नराम्रो |
| ३ | मलमुत्र व्यवस्थापन | | राम्रो | | नराम्रो |
| ४ | पशुलाई खुवाउने पानी आपुर्तिको अवस्था | | प्रयाप्त | | अप्रयाप्त |
| ५ | पानीको स्च्छता (बाह्य निरिक्षण) | | सफा | | फोहर |
| ६ | दुधालु गाईको स्वास्थ्य अवस्था | | स्वस्थ | | अस्वस्थ |
| ७ | अस्वस्थ पशुलाई अलग्गै व्यवस्थापनको प्रबन्ध | | छ | | छैन |
| ८ | खोरेत विरुद्ध भ्याक्सिन गरिएको | | छ | | छैन |
| ९ | भ्यागुते र चरचरे विरुद्ध भ्याक्सिन गरिएको | | छ | | छैन |
| १० | थुनेलो रोकथामको उपाय अपनाइएको | | छ | | छैन |
| ११ | नियमित रुपमा ड्रेन्चिङ्ग | | गरिन्छ | | गरिंदैन |
| १२ | दुध दुहुने व्यक्तिको स्वास्थ्य अवस्था | | स्वस्थ | | अस्वस्थ |
| १३ | दुध दुहुने व्यक्तिको सरसफाई | | सफा | | फोहर |
| १४ | शौचालय प्रयोग पश्चात साबुन पानिले हात धुने | | गरेको | | नगरेको |
| १५ | दूध दुहुनु भन्दा पहिले गाई र कल्चौंडाको सरसफाईको अवस्था | | सफा | | फोहर |
| १६ | दूध दुहुने भाँडा | | स्टिल | | एल्मुनियम वा अन्य |
| १७ | दूध दुहुने भाँडाको सरसफाई | | सफा | | फोहर |
| १८ | दूध ढुवानी गर्ने भाँडाको सरसफाई | | सफा | | फोहर |
| १९ | एण्टिबायोटिक प्रयोग गरेका गाईको दूध बिक्री | | गरिन्छ | | गरिंदैन |
| २० | दूध दुहेर चिस्यान केन्द्र/ सङ्कलन केन्द्र पुर्याउन लाग्ने समय | | | | |

**प्रमाणित गर्ने अधिकृत**

नाम :

पद:

मिति :

कार्यालय :

दस्तखत :